रौतामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुल्लार, उदयपुर
कोशी प्रदेश, नेपाल
स्थानीय राजपत्र

खण्डः ९ संख्याः ६ मितिः २०८२ पौष २१

भागः २

# कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८२

प्रस्तावनाः रौतामाई गाउँपालिकाका कृषकहरुले उत्पादन गरेको कृषि उपज र दुध तथा दुग्ध पदार्थको उत्पादन वृद्धि गर्न, कृषि उपजहरुलाई सहज ढुवानीको पहुँच पुर्याई उत्पादनोपरान्त हुने क्षति न्युनिकरण गर्ने र कृषकका उत्पादनलाई सहजै बिक्रि गर्ने वातावरण बनाई कृषकलाई उत्प्रेरित गर्ने उदेश्यले कृषि एम्बुलेन्स सेवा संचालन सम्बन्धी कारवाहीलाई व्यवस्थित तरिकाले संचालन गर्न वाञ्छनिय भएकाले रौतामाई गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि रौतामाई गाउँपालिकिले यो कार्यविधि बनाई लागू गरिएको छ ।

१. सम्क्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८२" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा —

(क) "गाउँपालिका" भन्नाले रौतामाई गाउँपालिकालाई सम्झिनुपर्दछ ।

(ख) "टोल विकास" भन्नाले प्रचलित टोल विकास संस्था सञ्चालन कार्यविधि बमोजिम रौतामाई गाउँपालिकामा दर्ता भएको संस्था सम्झिनुपर्दछ ।

(ग) "कृषि विकास शाखा" भन्नाले रौतामाई गाउँपालिका अन्तर्गतको कृषि विकास शाखालाई सम्झिनुपर्दछ।

(घ) "पशु सेवा शाखा" भन्नाले रौतामाई गाउँपालिका अन्तर्गतको पशु सेवा शाखालाई सम्झिनुपर्दछ ।

(ङ) "सञ्चालक समिति" भन्नाले दफा ४ मा भएको व्यवस्था बमोजिमको सञ्चालक समितिलाई सम्झनु पर्दछ ।

(च) "सहकारी" भन्नाले प्रचलित सहकारी ऐन बमोजिम दर्ता भएको संघ संस्थालाई सम्झिनुपर्दछ ।

(छ) "कृषक" भन्नाले रौतामाई गाउँपालिका भित्र बस्ने र कृषि कर्म गर्ने कृषकलाई सम्झिनुपर्दछ ।

प्रमाणित गर्ने:
लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण गर्ने:
वीरेन्द्र कुमार मगर
अध्यक्ष

CamScanner

(ज) **"आवेदक"** भन्नाले कृषि एम्बुलेन्स मार्फत कृषि उपज वा दुध तथा दुग्ध पदार्थको खरिद बिक्रि गर्नका लागि रौतामाई गाउँपालिकाको कृषि वा पशुसेवा शाखामा आवेदन दिएका कृषि समुह, सहकारी, टोल विकास संस्था र कृषकलाई सम्झिनुपर्दछ ।

(झ) **"चालक"** भन्नाले कृषि एम्बुलेन्स चलाउने व्यक्तिलाई सम्झिनुपर्दछ ।

(ञ) **"कृषक समुह"** भन्नाले व्यवसायिक कृषि प्रणाली अवलम्बन गर्ने उदेश्यका लागि १५ जना भन्दा बढी कृषक भेला भइ समुह गठन गरि रौतामाई गाउँपालिकाको कृषि वा पशुसेवा शाखामा दर्ता भएका समुहलाई सम्झिनुपर्दछ ।

(ट) **"कृषि एम्बुलेन्स"** भन्नाले रौतामई गाउँपालिकासँगको साझेदारीमा सम्बन्धित वडामा खरिद भएको कृषि उपज र दुध तथा दुग्ध पदार्थ बोक्ने चिस्यान सहितको कृषि एम्बुलेन्स सम्झिनुपर्दछ ।

(ठ) **"कृषि उपज"** भन्नाले बजारीकरणको उदेश्य राखी गरिएको कुनै पनि किसिमको कृषि/ पशुजन्य उत्पादनलाई सम्झनुपर्छ ।

३. <u>कार्यविधिको उदेश्य:</u> यस कार्यविधिको उदेश्य देहाय बमोजिम रहेको छ :

(क) कृषि उपज वा दुध तथा दुग्ध पदार्थ ढुवानिलाई सहज गुणस्तरिय र छिटो छरितो हुने गरि व्यवस्था गर्ने ।

(ख) कृषकहरुको उत्पादित कृषि उपज वा दुध तथा दुग्ध पदार्थको बजार तथा प्रशोधन स्थलसम्म पुर्याउदा हुने नोक्सानीबाट जोगाउने र थप आम्दानी वृद्धि गर्ने ।

(ग) कृषि उपज वा दुध तथा दुग्ध पदार्थको उत्पादनोपरान्त हुने क्षति न्युनिकरण गरि उपभोक्तासम्म स्वास्थ्य, ताजा र गुणस्तरीय उत्पादन पुर्याउने ।

(घ) गाउँपालिका भित्र कृषि उपज वा दुध तथा दुग्ध पदार्थ ढुवानीमा कठिनाई भएकाले सहजै यातायातको उपलब्ध नहुने ग्रामिण भेगमा प्राथमिकता दिइ सञ्चालन हुनेछ ।

४. <u>सञ्चालक समिति सम्बन्धि व्यवस्था :</u> कृषि एम्बुलेन्स सञ्चालनका लागि देहाय बमोजिमको सञ्चालक समिति हुनेछ ।

(क) सम्वन्धित वडामा भएका टोल विकास समितिबाट ५ जना, उपभोक्तबाट २ जना, सम्बन्धित वडा अध्यक्ष र सञ्चालक समितिबाट मनोनित ३ गरि जम्मा ११ जना,

(ख) सञ्चालक समितिको अध्यक्ष सम्बन्धित वडाको वडा अध्यक्ष हुने र सम्बन्धित वडा अध्यक्षले सञ्चालक समितिको अध्यक्षाता लिन नचाहेको खण्डमा वडा समितिको निर्णय अनुसार सम्बन्धित वडाको जनप्रतिनिधिबाट तोकिएको व्यक्ति अध्यक्ष हुँने,

(ग) कृषि एम्बुलेन्स सञ्चालक समितिमा लेखा हेर्ने व्यवस्था यही समितिबाट आवश्यक परेमा मनोनित सञ्चालक समितिले गर्ने छ ।

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्र कुमार नगर
अध्यक्ष

CamScanner

(घ) सञ्चालक समितिको बैंक खाता सञ्चालक समितिका अध्यक्ष, संस्थाको सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरि 'क' वर्गको वाणिज्य बैंकमा खाता सञ्चालन गर्नुपर्ने छ ।

५. <u>एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी व्यवस्था :</u>

(क) रौतामाई गाउँपालिका अन्तरगतको वडाबाट कृषि एम्बुलेन्स सेवा सञ्चालन हुनेछ ।

(ख) गाउँपालिकाको कृषि विकास शाखा/पशु सेवा शाखाले यसको समन्वय गर्नेछ ।

(ग) कृषक/ कृषक समुह/ कृषि सहकारीको कृषि उपज वा दुध तथा दुग्ध पदार्थको व्यवस्थापनका लागि समिति स्वयमले एक जना हलुका सवारी चालकको व्यवस्थापन गर्ने छ ।

(घ) कृषि एम्बुलेन्स सञ्चालक समितिले आवश्यकता अनुसार योजना बनाई कृषि उपज वा दुध तथा दुग्ध पदार्थको ढुवानी गरी बजार, कृषि बजार, दुध तथा दुग्ध पदार्थ बिक्रि केन्द्र तथा अन्य सम्भावित स्थानमा कार्यालय तथा टोलविकास समिति सँग समन्य गरि विक्री वितरणको व्यवस्थापन गर्नेछ ।

(ङ) कृषि एम्बुलेन्सबाट खरिद बिक्रि गरिएको कृषि उपज वा दुध तथा दुग्ध पदार्थको र लाभान्वितको विवरण कृषि एम्बुलेन्स सञ्चालक समितिले राख्नेछ र यसको प्रतिवेदन त्रैमासिक रुपमा सम्बन्धित वडाको वडा कार्यालय र कृषि विकास शाखा/पशु सेवा शाखामा पेश गर्नुपर्नेछ ।

(च) कृषि एम्बुलेन्स सञ्चालक समितिबाट संकलित कृषि उपज वा दुध तथा दुग्ध पदार्थको ढुवानी शःसुल्क हुनेछ ।

(छ) ढुवानी गर्दा लाग्ने शुल्क कृषि एम्बुलेन्स सञ्चालक समितिले निर्धारण गर्नेछ ।

(ज) कृषि एम्बुलेन्स व्यवस्थित तथा प्रभावकारी रुपमा सञ्चालनको लागि गाउँपालिकाको कृषि विकास शाखा/पशु सेवा शाखामा कार्यरत एक कृषि/पशु प्राविधिकलाई सम्पर्क व्यक्ति तोक्न सक्नेछ ।

(झ) कृषि एम्बुलेन्स खरिद पश्चयात चिलिङ्ग भ्याट जडान गर्नुपर्नेछ र विभिन्न स्थानमा दुध सङ्कलनका लागि चिलिङ्ग भ्याट जडान गर्न सकिने छ ।

६. <u>जनशक्ति सम्बन्धी व्यवस्था:</u> कृषि एम्बुलेन्स सञ्चालनका लागि जनशक्ति व्यवस्थापन कृषि एम्बुलेन्स सञ्चालक समितिले गर्नेछ ।

७. <u>कृषि उपज संकलन सम्बन्धी व्यवस्था:</u> कृषक/समुह/सहकारी संग समन्वय गरि कृषि उपज वा दुध तथा दुग्ध पदार्थ संकलन गरि बिक्रिको लागि लगिदिने व्यवस्था गरिनेछ ।

८. <u>एम्बुलेन्स चालक कर्मचारीको काम, कर्तव्य र अधिकार:</u> एम्बुलेन्स चालक कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आर्थिक पारदर्शिता इमान्दारिता र असल चरित्र प्रदशन गरि जुन सुकै समयमा पनि कृषि उपज वा दुध तथा दुग्ध पदार्थको खरिद बिक्रि लोड अनलोड तथा व्यवस्थापन गर्नुपर्ने छ ।

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्र कुमार मगर
अध्यक्ष

CS CamScanner

(ख) मासिक रुपमा तथा सञ्चालक समिति र कृषि विकास शाखा/पशु सेवा शाखाले माग गर्दा जुनसुकै बेला ढुवानी साधनको स्थिति तथा कारोबारको प्रगति विवरण लिखित तथा डिजिटल माध्ययमवाट उपलब्ध गराउनु पर्ने छ ।

(ग) ढुवानी साधनको बिमा, बिलबुक नविकरण समयमै गर्नुपर्ने छ ।

(घ) कृषि एम्बुलेन्स सञ्चालक समिति र कृषि विकास शाखा/पशु सेवा शाखाले तोकेको क्षेत्रमा गई सम्बन्धित कृषक, समुह, सहकारी, वडा कार्यालय तथा टोल विकास संस्थासँग समन्वय गरि कार्य गर्नुपर्ने छ ।

(ङ) ढुवानी साधनको मर्मत सम्भार र दैनिक क्रियाकलापमा भए गरेका फोटो तथा आम्दानी तथा खर्चको विवरण दुरुस्त राख्ने । अन्य आर्थिक पारदर्शिता अबलम्बन नगरेमा वा आर्थिक वेइमानी वा दुरुपयोग गरेको खण्डमा कडा कारवाही गरिने छ ।

(च) खटाइएको क्षेत्र भन्दा बाहिर गई कारोवार गर्न पाइने छैन । कृषि उपज सम्वन्धित स्थलसम्म पुर्याउनु पर्ने छ ।

(छ) चालकले अन्य व्यक्तिलाई कुनै पनि बेला वा परिवेशमा चलाउन दिन मिल्ने छैन ।

(ज) नेपाल सरकारले अवैध मानेका कुनै पनि वस्तुहरु ढुवानी गर्न पाइने छैन ।

(झ) चालकको काम कर्तव्य सन्तोष जनक नरहेको पाइएमा सञ्चालक समितिले पुनर्विचार गर्न सक्ने छ।

९. अभेलिखिकरण, अनुगमन र मूल्यांकन: रौतामाई गाउँपालिका सो अन्तर्गत आर्थिक विकास समिति, सम्बन्धित वडा र कृषि विकास शाखा/पशु सेवा शाखाले कृषि एम्बुलेन्स सेवा सञ्चालन सम्वन्धि कार्यको आवश्यकता अनुसार अभिलेखीकरण, अनुगमन तथा मूल्यांकन गर्न सक्नेछ ।

१०. बाधा अड्काउ फुकाउन सक्ने: यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा रौतामाई गाउँपालिका र सम्वन्धित वडाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

११. संसोधन : यस कार्यविधिलाई आवश्यकता अनुसार संसोधन र परिमार्जन गर्नुपरेमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

आज्ञाले,
लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्र कुमार मगर
अध्यक्ष

CamScanner